# पाँचथर जिल्ला अदालतबाट प्रकाशित
## १५ दिने सूचना
### (बिगो नं. ३४ र ३५, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/ वादी जिल्ला काठमाण्डौं गोकर्णेश्वर न.पा. वडा नं. ४ बस्ने लवकुमार थापा प्रतिवादी जिल्ला पाँचथर फालेलुङ गा.पा. वडा नं. २ बस्ने कमलप्रसाद लिम्बु भएको मु.नं. ०७५-CP-३४९२ को लेनदेन मुद्दामा काठमाण्डौं जिल्ला अदालतको मिति २०७६/०८/१० को फैसला बमोजिम नगद साँवा रकम रु.३,००,०००/- र सो को लिखत भएको मिति २०७१/०५/१५ देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने ब्याज रु. २,२७,९१६।६७ समेतको जम्मा विगो रकम रु.५,२७,९१६।६७ तथा वादीले दाखिला गरेको अदालती शुल्क रु.१०,०९८।– र वादीले पछि दाखिला गर्ने नपुग अदालती शुल्क रु.१८२०।७५ समेत भराई पाऊँ भनी तथा यीनै वादी र प्रतिवादी भएको मु.नं. ०७५-CP-३४९१ को लेनदेन मुद्दामा काठमाण्डौं जिल्ला अदालतको मिति २०७६/०८/१० को फैसला बमोजिम नगद साँवा रकम रु.१,००,०००/- र सो को लिखत भएको मिति २०७१/०५/३० देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने ब्याज रु.७५,५५५।६ समेतको जम्मा विगो रकम रु.१,७५,५५५।६ तथा वादीले दाखिला गरेको अदालती शुल्क रु.४३५८।– र वादीले पछि दाखिला गर्ने नपुग अदालती शुल्क रु.६५३।११ समेत भराई पाऊँ भनी वादीको मिति २०७७/०८/२९ मा दुई अलग-अलग दरखास्त परी कारवाहीक्रममा प्रतिवादीको नाममा दुई अलग अलग मुद्दामा अलग अलग १५ दिने जनाउ म्याद जारी गरिएकोमा सो म्याद मिति २०७७/०९/१३ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा वादीले उक्त दुवै मुद्दाको हुने बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७८/१०/१३ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७८/११/१५ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फालेलुङ गा.पा. २ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७८/१२/२० गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकृते मूल्य |
|---|---|---|---|---|---|---|---|
| १. | कमलप्रसाद लिम्बु | पाँचथर | एकतिन | ९क | ९१ | ९-१४-०-३ | रु.७२,०००।- |

इति सम्वत २०७८ साल फागुन महिना 22 गते रोज १ शुभम्